लो-घेकर दामोदरकुण्ड गाउँपालिकाद्वारा प्रकाशित

# लो-घेकर दामोदरकुण्ड राजपत्र

खण्ड : (५) चराङ, मुस्ताङ, असार १० गते, २०८२ साल (संख्या : २)

भाग २

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लो-घेकर दामोदरकुण्ड गाउँसभाले यो कार्यविधि बनाएको छ,

## उपचार आर्थिक सहायता सम्वन्धि कार्यविधी २०८२

**प्रस्तावनाः** विश्वव्यापी रुपमा बढ्दै गएको विभिन्न नसर्ने प्राणघातक रोगहरु वर्तमान अवस्थामा मानव सभ्यताको मुख्य समस्याको रुपमा विकसित हुदै आएको पाइन्छ । क्यान्सर, मुटु रोग, मृगौला रोग आदी लगाएतको रोगको कारण ज्यान गुमाउनेहरुको संख्या समेत दिन प्रति दिन बढ्दो रुपमा छ । यस्ता रोगहरुको उपचार अत्यन्तै खर्चिलो तथा महंगो हुने हुँदा आर्थिक रुपमा विपन्न व्यक्तिहरु उपचारको पहुँच सम्म पुग्न नसक्ने र उपचार गराउने क्रममा भएको सम्पत्ति पनी सकिने समस्या समेत देखिएको छ । लो-घेकर दामोदरकुण्ड गाउँपालिका आर्थिक र भौगोलिक रुपमा पछाडी रहेको गाउँपालिका हो । तसर्थ यस गाउँपालिका भित्रको मानिसहरु लाई यस्ता किसिमका रोग लागेर उपचार गर्ने क्रममा केही हद सम्म भए पनी आर्थिक राहत प्रदान गर्ने उदेश्यले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाले " **उपचार आर्थिक सहायता सम्वन्धि कार्यविधी २०८२**" लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधीलाई " **उपचार आर्थिक सहायता सम्वन्धि कार्यविधी २०८२"** भनिने छ ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) **"कार्यविधी"** भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको "उपचार आर्थिक सहायता सम्वन्धि कार्यविधी २०८२" लाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"अस्पताल"** भन्नाले सरकारी, निजी वा गैर सरकारी स्तरबाट संचालित विरामी भर्ना गरी उपचार गर्ने विशेषज्ञ सेवा सहितको जिल्ला, प्रादेशीक वा केन्द्रिय स्तरको अस्पताल लाई सम्झनु पर्दछ ।

(घ) **"उपचार"** भन्नाले मानिसको स्वास्थ्य सम्वन्धि समस्याको कारण स्वास्थ्य लाभको लागी गरिने औषधी उपचार लाई सम्झनु पर्दछ ।

(ङ) **"आर्थिक सहायता"** भन्नाले यस कार्यविधी अनुसार विरामीको उपचारको लागी प्रदान गरिने रकम लाई सम्झनु पर्दछ ।

(च) **"विरामी"** भन्नाले शारिरिक वा मानसिक स्वास्थ्यमा प्रतिकुल असर परि स्वास्थ्य अवस्था विग्रीएर यस कार्यविधीले तोके बमोजिमको रोग निदान भएको व्यक्तिहरु बुझिन्छ ।

## परिच्छेदः २
## आर्थिक सहायता प्राप्त गर्न सक्ने लक्षित समुह वा रोगहरु सम्बन्धी व्यवस्था

(२.१) यस कार्यविधी अनुसार तपसिल बमोजिम रोग निदान भएका यस गाउँपालिका भित्रको स्थायी नागरिक वा गाउँपालिका भित्रको सरकारी वा सार्वजनीक कार्यालयमा कार्यरत कर्मचारीहरुले मात्र

आर्थिक सहायता प्राप्त गर्ने छन् ।

१ मृगौला रोग : मृगौला प्रत्यारोपण गर्नुपर्ने विरामी वा प्रत्यारोपण पश्चात् गरिने उपचार

: अल्पकालिन रुपमा मृगौलाले काम नगरेर डायलाइसिस गर्नु पर्ने विरामी

: Acute Glumerulo Nephritis, Nephrotic Syndrom

: दुवै मृगौला फेल भएका विरामी

२ मुटु रोग : विभिन्न प्रकारको मुटु रोग जस्तै महाधमनीको सल्यक्रिया गर्नु पर्ने विरामी

: मुटुमा पेसमेकर वा स्टेन्ट राख्नुपरेमा, एब्लेसन गर्नु परेमा

: मुटुको भल्व पुर्ण रुपमा क्षती भएमा वा मुटु फेल भएका विरामी

३ क्यान्सर : विभिन्न प्रकारको क्यान्सर रोग, ट्युमर, ल्युकेमिया ।

४ पार्किन्सन रोग

५ अल्जाइमर रोग

६ स्पाइनल इन्जुरी

७ हेड इन्जुरी

८ सिकलसेल एनिमिया

(२.२) उक्त रोगहरु निदान भएका व्यक्तिले उपचारका लागि एकमुष्ट एक पटक मात्र आर्थिक सहायता प्राप्त गर्ने छन् ।

(२.३) उक्त रोग लागेका विरामीहरुले नियमित रुपमा औषधी सेवन गर्नु पर्ने भएमा मासिक तोकिएको दरमा प्रत्येक त्रैमासिक रुपमा प्राप्त गर्ने छन् ।

## परिच्छेदः ३

## आर्थिक सहायता सम्बन्धी व्यवस्था

( ३.१) परिच्छेद २ बमोजिमको रोग निदान भएका व्यक्तिलाई निम्नानुसार रकम उपचारको लागी

आर्थिक सहायता प्रदान गरिनेछ ।

(क) गाउँपालिका भित्रको स्थायी नागरिक लाई प्रति व्यक्ति उपचारको लागि एकमुष्ट रकम रु. १,००,०००।— (अक्षरुपी एक लाख मात्र) वा विल अनुसारको रकम मध्य जुन न्यून हुन्छ सोही ।

(ख) गाउँपालिका भित्रको सरकारी वा सार्वजनिक कार्यालयमा स्थायी वा करार सेवामा कार्यरत कर्मचारीहरु लाई एकमुष्ट रकम रु. १,००,०००।— (अक्षरुपी एक लाख मात्र) वा विल अनुसारको रकम मध्य जुन न्यून हुन्छ सोही ।

(ग) स्थायी वसिवास गर्ने नागरिक वा कर्मचारी आफु स्वयं विरामी भएमा मात्र यो सेवा प्राप्त गर्ने छन् ।

(घ) संघिय, प्रादेशिक वा स्थानिय सरकारबाट दोहोरो सुविधा नलिएको स्वः घोषणा गरे पश्चात मात्र यो सुविधा उपलव्ध हुनेछ ।

(ङ) दोहोरो सुविधा लिइएको पाइएमा सरकारी बाँकीसरह असुल उपर गरिनेछ ।

## परिच्छेदः ४
## आर्थिक सहायता प्राप्त गर्ने प्रक्रिया

(४.१) तोकिय बमोजिमको रोगको निदान भए पश्चात् सम्वन्धित अस्पतालको सिफारिस वा रोग निदान भएको रिर्पोट, अस्पतालको टिकट र अन्य कागजपत्रहरु, विरामीको नागरिकता लिएर वडा कार्यालयमा सिफारिसको लागी निवेदन दिने ।

(४.२) वडा कार्यालयको स्पस्ट रोग र परिचय खुल्ने सिफारिस पत्रको साथमा अस्पतालको सिफारिस वा रोग निदान भएको रिर्पोट, अस्पतालको टिकट र कागजपत्रहरु, विरामीको नागरिकताको प्रतिलिपी, विरामीको बैंक खाताको चेकको प्रतिलिपी राखी गाउँपालिकाको कार्यालयमा विरामी स्वयं वा नजिकको आफन्तले निवेदन दिने ।

( ४.३) गाउँपालिकाले उक्त कागजपत्रहरु अध्ययन गरी स्वास्थ्य शाखाले रुजु गरी प्रमुख प्रशासकिय अधिकृत ज्यूबाट तोक आदेश भएपश्चात भुक्तानीको लागि सम्वन्धित विरामीको बैंक खाता मार्फत निवेदन दर्ता भएको मितिले बढिमा एक हप्ता भित्र रकम भुक्तानी गर्ने छ। यदि विरामी

स्वयंको नाममा बैंक खाता नभएमा वा विरामीको खाता बाट रकम निकाल्न समस्या हुन्छ भने वडाको सिफारिस र नाता प्रमाणित पत्रको आधारमा विरामीको एका घर परिवारको खातामा रकम उपलब्ध गराउनेछ ।

**परिच्छेदः ५**

**विविधः**

(५.१) यो कार्यविधी आवश्यकता अनुसार गाँउकार्यपालिकाले अद्यावधिक गर्दै लगिनेछ ।

(५.२) झुटो विवरण पेस गरेको पाइएमा विरामी स्वयं जिम्मेवार हुनु पर्नेछ ।

(५.३) अति असाहाय, अति गरिव, एकल वृद्ध/वृद्धा, अपाङ्ग, अबस्था हेरी परिच्छेद असक्त, अनाथ बालबालिकाहरु लाई परिच्छेदः २ मा तोकीएको भन्दा अन्य रोगको उपचार गर्दा पनी आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

**अनुसुचि १**

**आर्थिक सहायता प्राप्त गर्न आवश्यक कागजपत्रहरु**

१. विरामीको रोग निदान भएको रिर्पोट वा रोग खुल्ने गरी अस्पतालको सिफारिस

२. वडा कार्यालयको सिफारिस पत्र

३. विरामीको बैंक खाताको चेकको प्रतिलीपी र प्यान नम्वर वा (एका घर परिवारको)

४. विरामीको नागरिकताको प्रतिलिपी वा (एका गरपरिवारको)

५. निवेदन

**आज्ञाले,**

**नाम : सरोज उपाध्याय**

**प्रमुख प्रशासकीय अधिकृत**

**मिति :२०८२/०३/१० गते**